बर्ष १२ अंक १०२ २०७७ असार १४ गते आइतबार

तनहुँ उद्घोष

राष्ट्रिय दैनिक

इच्छाकामना गाउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

## सिलवन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

( प्रथम पटक प्रकाशित मिति : २०७६/०३/१४)

इच्छाकामना गाऊपालिकाको चालु आ.व.२०७६।७७ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ससर्त तर्फको कार्यक्रमबाटदेहायका कार्यहरु खरिद गर्नु पर्ने भएकालेयो दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। सूचनामा तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक ब्यक्ति, फर्म/कम्पनीहरुले दरभाउ पत्र पेश गर्नु हुन अनुरोध गरिन्छ। दरभाउ पत्रको विस्तृत जानकारी स्वाभिमान राष्ट्रिय दैनिक पत्रिका वा यस गाउपालिका गाउ कार्यपालिका कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोराजानकारी गराइन्छ।

शर्तहरु:

१. सिलबन्दीदरभाउपत्र सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन ( २०७७/०३/२८ गते) भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र एवं मु.अ.कर(भ्याट) दर्ता प्रमाण पत्र, आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन साथ रु १०००–(एक हजार रुपैयादस्तुर फिर्ता नहुने) तिरी यस गाउँपालिका कार्यालयको योजना शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०७७/०३/२९ गते) दिनको १२ वजे भित्र यस इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको नाममा सम्बोधन गरी खामको बाहिर सिलबन्दी सोलार ब्याकअप जडान कार्य भनी पेश गर्ने, फर्म वा कम्पनीको नाम र ठेगाना स्पष्ट लेखी छाप लगाई सिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। अन्यथा बोलपत्रमान्य हुनेछैन। साथै सोही दिन दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्नेछैन।

३. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. ठेक्का लिन चाहने इच्छुक ब्यक्ति, फर्म/कम्पनीले धरौटी बापत कवोल अंकको कम्तीमा २.५ प्रतिशत रकम धरौटी बापत यस इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा श्री ग्लोबल आइएमई बैंक, कुरिनटारमा रहेको धरौटी खाता नं.- ८ ४०१०१००००२१ मा नगदै जम्मा गरेको सक्कल भौचर राख्नु पर्नेछ वा यस कार्यालयको पक्षबाट बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिनम्याद राखि जारी गरिएको क श्रेणीको वाणिज्य बैंकको जमानीपत्र(विडवण्ड) संलग्न हुनु पर्नेछ।

५. स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपुर्व कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) बापत स्वीकृत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा जारी गरिएको (क) श्रेणीको वाणिज्य बैंकको कार्य सम्पन्न हुने मितिले १३ महिनाकोजमानीपत्र पेश गर्नु पर्नेछ।

६. सिलबन्दी दरभाउपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ। रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्रउपर कुनै कार्यवाही हुनेछैन। प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन,२०६३ नियमावली, २०६४, एवं प्रचलित कानून बमोजिम हुनेछ।

८. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। साथै यस गाउँ कार्यापालिका कार्यालयको वेवसाईट www.ichchhakamanamun.gov.np बाट download गर्न सकिनेछ

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर सहित) | धरौटी रकम रु | दरभाउ पत्र फारम दस्तुर |
|---|---|---|---|---|
| खरिद/....../०७६/०७७ | इच्छाकामना गाउपालिका गाऊ कार्यपालिकाको कार्यालय सोलार ब्याक अप जडान कार्य | ७,१२,२५०।०० | २१५००।०० | १०००।०० |
| खरिद/....../०७६/०७७ | इच्छाकामना गाउपालिका २, ६ नं वडा (२ वटा वडा) कार्यालयमा सोलार ब्याक अप जडान कार्य | ४,२६,७५०।०० | १३००।०० | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत